# प्रभाव दैनिक
National Daily



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/
९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com



वर्ष १०  अंक ३००  काठमाडौं  बुधबार, १६ फागुन २०८०  Prabhab National Daily  Wednesday, February 28, 2024  www.prabhabonline.com  पृष्ठ ८  मूल्य रू. ५।–




भजन शिरोमणी उपाधिप्राप्त वरिष्ठ गायक तथा संगीतकार भक्तराज आचार्यप्रति अन्तिम श्रद्धाञ्जली अर्पण गर्न मंगलबार नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान परिसरमा जम्मा भएका शुभेच्छुक । सोमबार निधन भएका उनको मंगलबार पशुपति आर्यघाटमा राष्ट्रिय सम्मानका साथ दाहसंस्कार गरिएको छ । *तस्बिरः रासस*

# तानातानमा राष्ट्रिय सभा अध्यक्ष

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** सत्तारुढ दल नेकपा माओवादी केन्द्रले राष्ट्रिय सभाको अध्यक्ष पद नछाड्ने अडान लिने देखिएको छ । माओवादी स्थायी कमिटीका अधिकांश सदस्यहरूले राष्ट्रिय सभाको अध्यक्ष पद नछाड्न प्रधानमन्त्रीसमेत रहेका माओवादी अध्यक्ष पुष्पकमल दाहाललाई दबाब दिएका हुन् ।

राष्ट्रिय सभाका अध्यक्ष गणेशप्रसाद तिमल्सिना फागुन २० गते छ वर्षे कार्यकाल पूरा गरी बिदा हुँदै छन् । उक्त स्थानमा फागुन २९ गते निर्वाचन गर्ने तयारी गरेको छ । तर सत्तारुढ गठबन्धनमा राष्ट्रिय सभाको निर्वाचनअघि कांग्रेसका कृष्णप्रसाद सिटौलालाई अध्यक्ष बनाउने चर्चा थियो । १९ सिटका लागि भएको निर्वाचनपछि माओवादी अहिले राष्ट्रिय सभामा सबैभन्दा ठूलो दल बनेको छ ।

यही कारणले पनि आफ्नो दलले राष्ट्रिय सभाको अध्यक्ष पद छाड्न नहुने माओवादीका सांसद जनार्दन शर्मा बताउँछन् । 'राष्ट्रिय सभामा सबभन्दा ठूलो दल हाम्रो हो । हामीले दाबी नगरे कसले गर्ने ?,' सोमबार प्रतिनिधिसभाको बैठकपछि

- राष्ट्रिय सभा अध्यक्षका लागि नेपाली कांग्रेसका कृष्णप्रसाद सिटौलालाई अघि बढाउने सत्ता गठबन्धनको सहमति थियो
- तर पहिलो दल बनेसँगै माओवादीले यो पद आफैंले राख्नुपर्ने सुझाउँदै प्रधानमन्त्रीसमेत रहेका दाहाललाई दबाब
- संवैधानिक परिषद्मा आफ्नो रिक्तता नदेखिन कांग्रेस–माओवादीबीच होड

शर्माले प्रश्न गरे । राष्ट्रिय सभाको अध्यक्ष कांग्रेसले लिने सहमति भइसकेको हैन र ? सञ्चारकर्मीले शर्मालाई प्रश्न गरे । जवाफमा शर्माले भनेका थिए, 'व्यक्तिगत रूपमा कसले कहाँ गऱ्यो सहमति त्यसबारे केही थाहा छैन । संस्थागत केही निर्णय भएको छैन ।'

नेपाली कांग्रेसका राष्ट्रिय सभा सदस्यहरूले पनि यो पद नछाड्न पार्टीलाई सुझाव दिएका छन् । आइतबार कांग्रेसका तर्फबाट राष्ट्रिय सभामा सदस्य रहेका र नवनिर्वाचित सदस्यबीच परिचयात्मक कार्यक्रममा प्रमुख सचेतक रमेशजंग रायमाझीले अध्यक्ष पद छाड्न नहुने अडान राखेका हुन् । रायमाझी भने फागुन २० बाट बिदा हुँदै छन् । यसैगरी प्रकाश पन्थले पनि यो पदमा अडान राख्नुपर्ने सुझाएका छन् ।

यता माओवादी बैठकमा शर्माले भनेझैं मंगलबार स्थायी कमिटी सदस्यहरूले राष्ट्रिय सभा अध्यक्ष पद नछाड्न अध्यक्ष दाहाललाई दबाब दिएको माओवादीका प्रवक्ता अग्निप्रसाद सापकोटाले बताए । 'अधिकांशले राष्ट्रिय सभाको अध्यक्ष छाड्नुहुन्न भन्ने मत राख्नुभएको छ,' बैठकपछि प्रवक्ता सापकोटाले भने ।

**कांग्रेस र माओवादी दुवैको पीडा उस्तै**

राष्ट्रिय सभाको अध्यक्ष दाबी गर्ने दल नेपाली कांग्रेस र माओवादी केन्द्र दुवैको एउटै चाहना हो संवैधानिक परिषद्मा आफ्नो उपस्थिति देखाउन । (क्रमशः पृष्ठ २ मा)

चर्चित भ्रष्टाचार काण्डको अनुसन्धान

# अख्तियारको भूमिकामा सांसदको प्रश्न

टेरामक्स, बाँसबारी जग्गा प्रकरण, गिरिबन्धु टि–स्टेट जग्गा सट्टाभर्ना, न्यारो बडी जहाज, वाइड बडी जहाज, सेक्युरिटी प्रिन्टिङ प्रेस र चमेलिया जलविद्युत् आयोजनामा भएको घोटालाबारे जारी अनुसन्धान सुस्त

■ **जेबी योञ्जन**

**काठमाडौं–** भ्रष्टाचार निवारण गर्ने संवैधानिक अधिकार प्राप्त निकाय अख्तियार दुरूपयोग अनुसन्धान आयोगले चर्चित सात काण्डको अनुसन्धान जारी रहेको जनाएको छ । यी काण्डहरूको अनुसन्धान टुंगोमा पुऱ्याउन भने अख्तियारलाई अझै समय लाग्ने देखिएको छ ।

अख्तियारले अनुसन्धान गरिरहेको पछिल्लो काण्ड भनेको टेरामक्स घोटालासम्बन्धी हो । स्वास्थ्य तथा जनसंख्यामन्त्री मोहनबहादुर बस्नेतसमेत यो घोटालामा जोडिएका छन् । उनीसँग अख्तियारले बयान लिइसकेको छ । तत्कालीन सञ्चार तथा सूचना प्रविधि मन्त्रीको हैसियतमा रहँदा उनले घोटाला गरेको अख्तियारको प्रारम्भिक निष्कर्ष छ । त्यही भएर अख्तियारले उनीसँग बयान लिएको हो ।

तत्कालीन सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्की पनि यो प्रकरणमा मुछिएका छन् । उनीसँग पनि अख्तियारले बयान लिइसकेको छ । बस्नेत र कार्की दुवैजना कांग्रेस नेताहरू हुन् ।

टेरामक्स प्रणालीको खरिदमा अर्बौं भ्रष्टाचार भएको भनिएको छ । यसबारे अख्तियार अनुसन्धानरत छ । यही विषय मंगलबार संसद्को सार्वजनिक लेखा समितिमा सांसदहरूले प्रश्न उठाए ।

'बहालवाला मन्त्री झण्डा हल्लाएर बयान दिन गएका छन् । साना मुद्दा कार्यान्वयनमा आउने, राजनीतिक व्यक्ति जोडिएका नआउने ?,' एमाले सांसद दामोदर भण्डारीले भने ।

जवाफमा अख्तियार प्रमुख प्रेमकुमार राईले अनुसन्धानको अन्तिम चरणमा पुगेको बताए । 'टेरामक्समा करिब बयान टुंगो लागेको छ । अध्ययन अनुसन्धानको काम भइरहेको छ,' उनले मंगलबार सार्वजनिक लेखा समिति बैठकमा भने, 'केही समयमा रिजल्ट आउँछ ।



**प्रेमकुमार राई**
अख्तियार प्रमुख

> टेरामक्समा करिब बयान टुंगो लागेको छ । अध्ययन अनुसन्धानको काम भइरहेको छ, केही समयमै रिजल्ट आउँछ । सेक्युरिटी प्रिन्टिङ प्रेस प्रकरणको पनि अनुसन्धान जारी छ ।

अहिले अन्तिम चरणमा छौं ।'

अर्को बहुचर्चित बाँसबारी छालाजुत्ता कारखानाको १० रोपनी जग्गा हडपेको प्रकरणमा पनि अख्तियारले अनुसन्धान गरिरहेको छ । १६ महिनादेखि अख्तियार अनुसन्धानमा छ । तर, प्रभावकारी अनुसन्धानका लागि खुट्टा कमाएको छ । पछिल्लो समय नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले पनि अनुसन्धान गरिरहेको छ । यो प्रकरणमा कांग्रेस सांसदसमेत रहेका अर्बपति विनोद चौधरीको चौधरी ग्रुपको भगिनी कम्पनी चाँदबाग रेसिडेन्सी संलग्न छ । रेसिडेन्सीका अध्यक्ष अरुण चौधरी पक्राउ परेका थिए । तर, धरौटीमा रिहा भए ।

यसबाहेक अख्तियारले झापाको गिरिबन्धु टि–स्टेटको पनि अनुसन्धान जारी राखेको छ । यहाँ भने एमाले अध्यक्षसमेत रहेका तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली, तत्कालीन भूमिसुधारमन्त्री पद्मा अर्याललगायत जोडिएका छन् । हालै सर्वोच्च अदालतले उक्त टि–स्टेटको जग्गा सट्टाभर्ना गर्न ओली सरकारले गरेको निर्णय बदर गरिदिएको छ । तर, यस प्रकरणको अनुसन्धान भने निकै सुस्त छ ।

मंगलबार यसकाण्डको अनुसन्धानमा विलम्ब भइरहेको भन्दै कांग्रेस सांसद सञ्जय गौतम आक्रोशित भए । उनले अख्तियार प्रमुख राईलाई सोधे, 'न्यारो बडी, गिरीबन्धु टि–स्टेट थातीमा छ । टुंगो लगाउन केले रोक्यो ?'

सांसद गौतमले उठाएको न्यारो बडी जहाज खरिदमा पनि ठूलो भ्रष्टाचार भएको विवरण सार्वजनिक भइसकेको छ । २०७१ सालमा नेपाल वायु सेवा निगमले दुईवटा न्यारो बडी जहाज खरिद गरेको थियो । त्यहाँ ६० अर्बभन्दा बढी भ्रष्टाचार भएको छानविन प्रतिवेदनको निष्कर्ष थियो ।

(क्रमशः पृष्ठ २ मा)

## गैरआर्थिक भ्रष्टाचारको अनुसन्धान गर्न निर्देशन

**काठमाडौं (प्रस)–** संसद्को सार्वजनिक लेखा समिति सभापति ऋषिकेश पोखरेलले गैरआर्थिक भ्रष्टाचारजन्य कार्यकोसमेत अनुसन्धान गरी कारबाहीको दायरामा ल्याउनुपर्ने बताएका छन् ।

उनले त्यस्ता कार्यको प्रभावकारी अनुसन्धान गर्न र कारबाहीको दायरामा ल्याउन अख्तियार दुरूपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त प्रेमकुमार राईलाई निर्देशन दिएका हुन् ।

(क्रमशः पृष्ठ २ मा)

सन्दर्भः वैदेशिक रोजगार

# जापान कामदार पठाउन पाउने कार्यविधिले व्यवसायी उत्साहित

■ **मोहनप्रसाद पन्त**

**काठमाडौं–** सरकारले जापानमा 'निश्चित सीपयुक्त श्रमिक' पठाउने अनुमति म्यानपावर कम्पनीलाई दिनेगरी कार्यविधि जारी गरेपछि व्यवसायीहरू उत्साहित भएका छन् । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले गत माघ २५ गते स्वीकृत गरेको 'जापानमा निश्चित सीपयुक्त श्रमिक पठाउने कार्यविधि, २०८०'ले म्यानपावरमार्फत जापानमा स्पेसिफाइड स्किल्ड वर्कर (एसएसडब्ल्यू) प्रणालीअन्तर्गत कामदार पठाउने व्यवस्था गरेको छ ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघले लामो समयदेखि नेपाल र जापान सरकारबीच भएको श्रम सम्झौताअनुरूप जापानमा सीपयुक्त श्रमिक पठाउन इजाजतपत्र प्राप्त व्यवसायिक संस्थाहरूलाई स्वीकृत दिनुपर्ने माग गर्दै अइरहेको जनाउँदै मन्त्रालयले कार्यविधि निर्माण गरी जिम्मेवारी दिएकोमा आभार प्रकट गरेको छ । संघले म्यानपावर कम्पनीमार्फत कामदार पठाउन पाउनुपर्ने माग गर्दै सरकारको ध्यानाकर्षण गराउँदै आएको परिणामस्वरूप कार्यविधि आएको संघका अध्यक्ष राजेन्द्र भण्डारीले बताए । 'हामीले पटक-पटक सरकारको ध्यानाकर्षण गराउँदै जापानलगायतका विभिन्न मुलुकमा कामदार पठाउने जिम्मेवारी व्यवसायीले पूर्णरूपमा लिने छ भनेका थियौं,' उनले भने, 'मन्त्रालयले कार्यविधि निर्माण गरेर व्यवसायीलाई जिम्मेवार बनाउँदै कामदार पठाउन स्वीकृति दिएकोमा सरकारप्रति आभार व्यक्त गर्दछौं ।'

> हामीले पटक-पटक सरकारको ध्यानाकर्षण गराउँदै जापानलगायतका विभिन्न मुलुकमा कामदार पठाउने जिम्मेवारी व्यवसायीलाई दिन माग गरेका थियौं । मन्त्रालयले कार्यविधि निर्माण गरेर व्यवसायीलाई जिम्मेवार बनाउँदै कामदार पठाउन स्वीकृति दिएकोमा सरकारप्रति आभार व्यक्त गर्छौं ।
>
> ■ **राजेन्द्र भण्डारी**
> अध्यक्ष, नेपाल वैदेशिक रोजगार व्यवसायी संघ



सरकारको सहयोगी अंगकोरूपमा जिम्मेवार भएर व्यवस्थित, पारदर्शी र मर्यादित ढंगबाट जापानमा सीपयुक्त कामदार पठाउन व्यवसायीले भूमिका निर्वाह गर्ने अध्यक्ष भण्डारीले बताए । यसअघि नेपाल-जापानबीच भएको जिटुजी सम्झौतानुसार सरकारले कामदार पठाउन नसक्दा त्यसको फाइदा एजुकेसन कन्सल्टेन्सीहरूले लिएको उनले दाबी गरे ।


त्यस्तै सरकारले सहजकर्ता भएर निजी क्षेत्रलाई विश्वास गरी काम गर्ने उत्साह थप्दै कार्यविधि बनाई व्यवसायीहरूले व्यवसाय गर्न पाउने अधिकार सुनिश्चित गरिदिएको संघका महासचिव मेघनाथ भुर्तेलले बताए । 'अब कार्यविधिअनुसार जापानमा सीपयुक्त कामदार पठाउने जिम्मेवारी हामी व्यवसायीलाई आएको छ,' उनले भने, 'निजी क्षेत्रको व्यवसाय गर्ने अधिकार सुनिश्चित गर्दै सरकारले ल्याएको कार्यविधिअनुरूप कामदार पठाउने तयारीका लागि सबै व्यवसायीहरूलाई सर्कुलर गरिसकेका छौं ।'

सरकार आफैंले जिटुजी प्रणालीमार्फत जापानमा कामदार पठाउन खोजे पनि सफल हुन नसकेको भुर्तेलको दाबी गरे । 'गत वर्ष जापानबाट सात हजारभन्दा बढी सीपयुक्त कामदारको माग आएको थियो,' उनले भने, 'सरकारले पठाउनै सकेन, त्यत्रो संख्या माग हुँदा जम्मा एक जना गएको रेकर्ड छ, यसबाट पनि के पुष्टि हुन्छ भने व्यवसाय गर्ने जिम्मा व्यवसायीको हो र त्यो अवस्था सिर्जना भएको छ ।'

त्यसैगरी व्यवसायीले लामो समयदेखि मलेसिया, खाडी मुलुकमात्र नभई सरकारले जिटुजी सम्झौता गरेका आकर्षक गन्तव्य मुलुकमा पनि कामदार पठाउन पाउनुपर्ने माग गर्दै आइरहेको जापानमा कामदार पठाउने व्यवसायीहरूको छाता संगठन जेइसिसी नेपालका अध्यक्ष मदन महतले बताए । 'हाम्रो पेसा नै वैदेशिक रोजगारीमा कामदार पठाउनु हो, यो काम हामीले नै गर्नुपर्छ, गर्न पाउनुपर्छ भन्ने हो, ढिलै भए पनि सरकारले व्यवसायीको माग सम्बोधन गरेको छ, यसमा खुसी नै मान्नुपर्छ,' उनले भने ।

कार्यविधिमा उल्लिखित केही प्रावधानहरूमा सामान्य समस्या देखिएको महतले बताए । उनका अनुसार कामदारको भाषा तथा सीप तालिम र छनोट प्रक्रियामा केही समस्या देखिएको छ । त्यसमा सम्बन्धित मन्त्रालयसँग छलफल गनुपर्ने उनको भनाइ छ । व्यवसायीको अधिकार कटौती भइरहेको अवस्थामा व्यवसायीलाई नै जिम्मेवारी दिनेगरी सरकारले कार्यविधि ल्याउनु सुखद पक्ष रहेको उनले बताए ।

(क्रमशः पृष्ठ २ मा)

# खानेपानी संस्थान पुन:संरचनाको पक्षमा मन्त्री यादव

**काठमाडौं–** खानेपानीमन्त्री महिन्द्र राययादवले नेपाल खानेपानी संस्थानको खारेजी नभई पुन:संरचना गर्न आवश्यक भएको औंल्याएका छन् । संस्थानको ३५औं वार्षिकोत्सवका अवसरमा मंगलबार यहाँ आयोजित कार्यक्रममा मन्त्री यादवले नेपाली नागरिकमा स्वच्छ खानेपानीको पहुँच सुनिश्चित गर्न संस्थाको पुन:संरचना आवश्यक भएको बताए ।

'मुलुकको राजनीतिक व्यवस्था पुन:संरचना गरिसकेका छौं । खानेपानीको सवालमा पनि यस संस्थानको पुन:संरचना गर्न जरुरी छ,' उनले भने, 'संस्थानको आवश्यकता छ । पुन:सरचनाका बारेमा छलफल गरी टुंग्याउनुपर्छ । संस्थानले आफ्नो दायित्व इमानदारीपूर्वक बहन गर्नुपर्छ ।'

संविधानले प्रत्याभूत गरेका नागरिकका चासोलाई तीन तहको सरकारले समन्वयात्मक ढंगले सम्बोधन गर्नुपर्नेमा उनले जोड दिए । मन्त्री यादवले संस्थानलाई थप मितव्ययी र पारदर्शी बनाउन आवश्यक रहेको बताए ।

खानेपानी मन्त्रालयका सचिव सुरेश आचार्यले बजेट वक्तव्यमा उल्लेख भएको संस्थानको खारेजीको विषयमा अध्ययन भएको तर खानेपानी संस्थानको मौजुदा जनशक्ति स्थानीय तहमा समाहित हनुनसक्ने बताए । यद्यपि उनले त्यसको कारण भने खुलाएनन् । 'संस्थानलाई तत्काल खारेज गर्ने अवस्था छैन । व्यावसायिक योजना बनाएर अघिबढ्न आवश्यक छ,' उनले भने ।

नेपाल खानेपानी संस्थान, सञ्चालक समिति अध्यक्ष, गुणाखर भुसालले संस्थानलाई प्रभावकारी ढंगले सञ्चालन गर्न कर्मचारीमैत्री वृत्ति विकास आवश्यक भएको बताए । संस्थानका महाप्रबन्धक ईश्वर प्रसादले संस्थानको खारेजी प्रक्रियालाई अघि नबढाउन सम्बन्धित निकायलाई पत्राचार गरिएको बताउँदै जापान सरकारको सहयोगमा कर्मचारीलाई तालिम प्रदान गरी उनीहरूको क्षमता अभिवृद्धि गरिएको बताए । *रासस*

# रोकिएका विधेयक चाँडो टुंग्याउन निर्देशन

**काठमाडौं (प्रस)–** राष्ट्रिय सभाअन्तर्गतको दिगो विकास तथा सुशासन समितिले सुशासनसम्बन्धी कानुनको तत्काल पुनरावलोकन गर्न सरकारलाई निर्देशन दिएको छ । समितिको मंगलबारको बैठकले 'सुशासनका लागि विधिको शासन र संसद्को भूमिका' विषयमा भएको छलफलमा सुशासनसँग सम्बन्धित संघीय संसद्मा रोकिएर रहेका विधेयक चाँडो टुंग्याउन निर्देशन दिने निर्णय गरेको समितिका सभापति प्रकाश पन्थले बताए । 'सुशासनका लागि विधिको शासन आवश्यक छ भन्ने आजको बैठकले निष्कर्ष निकालेको छ,' उनले बैठकपछि भने, 'सुशासनसँग सम्बन्धित ऐन-कानुन अध्ययन गर्ने र पुनरावलोकनका लागि सरकारलाई सुझावसहित निर्णय पठाउनेछौं ।'

बैठकमा राष्ट्रिय सभाकी उपाध्यक्ष उर्मिला अर्यालले सुशासन प्रवर्द्धनका लागि नीतिगत र संरचनागत सुधार जरुरी भएको उल्लेख गरिन् । उनले मिटरब्याज (अनुचित लेनदेन)सम्बन्धी कानुन बनाएर पीडितलाई चाँडो न्याय दिनुपर्नेमा जोड दिइन् । सांसद वामदेव गौतमले सदनभित्र बोल्ने र जवाफ दिनेबीच होहल्ला हुने गरेको भन्दै सुशासन प्रवर्द्धनका लागि सर्वप्रथम सदनभित्रै सुशासन कायम हुन जरुरी भएको बताए ।

## पृष्ठ १ बाट क्रमश:

### जापान कामदार पठाउन...

जापान कामदार पठाउन'जापानले नेपाललाई कामदार स्रोत मुलुकको रूपमा छनोट गर्नु नै हाम्रो लागि अवसर हो,' महतले भने, 'यो अवसरलाई सदुपयोग गर्ने गरी सरकारले कार्यविधि ल्याएको छ, यसबाट व्यवसायी उत्साहित भएका छन् ।'

सरकारले ल्याएको कार्यविधिले जापानमा सीपयुक्त कामदार पठाउने मात्र नभई म्यानपावरहरूलाई आफ्नै स्वामित्वमा जापानिज भाषा र सीप प्रशिक्षणका लागि तालिम केन्द्र सञ्चालन तथा कामदार छनोट गर्न अधिकार दिएको छ । यसका लागि म्यानपावर कम्पनीले कामदारको माग संकलन, प्रमाणीकरण तथा सहजीकरण एवं आवश्यक कल्याणकारी सेवा तथा कार्यहरू गर्ने प्रयोजनका लागि जापानमा कानुनी रूपमा दर्ता भएको आफ्नै सम्पर्क शाखा वा यसप्रकारको काम गर्न अनुमति प्राप्त संस्था 'रजिस्टर्ड सपोर्ट अर्गनाइजेसन'सँग सम्झौता गरेको हुनुपर्ने व्यवस्था गरिएको छ । जापान जाने कामदारको सेवा शुल्क तथा खर्च रोजगारदाताले व्यहोर्नुपर्ने कार्यविधिमा उल्लेख छ । अन्यथा सेवा शुल्क र लाग्ने सम्पूर्ण खर्च मन्त्रालयले तोकेबमोजिम हुने बताइएको छ ।

## पृष्ठ १ बाट क्रमश:

### तानातानमा....

प्रधानमन्त्री अध्यक्ष रहने संवैधानिक परिषद्मा कांग्रेसका एक जना पनि सदस्य छैनन् । प्रतिनिधिसभामा पहिलो दल भएर पनि आफ्नो सहभागिता नहुँदा कांग्रेसमा ठूलो छटपटाहट देखिन्छ ।

पाँच सदस्यीय संवैधानिक परिषद्मा प्रधानमन्त्री अध्यक्ष र अरू पाँच सदस्य हुन्छन् । सदस्यहरूमा प्रधानन्यायाधीश, प्रतिनिधिसभाका सभामुख, राष्ट्रिय सभाका अध्यक्ष, प्रतिनिधिसभाको प्रमुख प्रतिपक्षी दलको नेता र प्रतिनिधिसभाको उपसभामुख रहन्छन् । हाल सभामुख देवराज घिमिरे एमालेबाट निर्वाचित हुन् । यता उपसभामुख इन्दिरा रानामगर राष्ट्रिय स्वतन्त्र पार्टीबाट निर्वाचित भएकी हुन् । संवैधानिक परिषद्मा शून्य रहेकोले पनि कांग्रेसले राष्ट्रिय सभा अध्यक्ष नछाड्ने दाबी गरेको हो । यता राष्ट्रिय सभा अध्यक्ष कांग्रेसले लिँदा सरकारको नेतृत्व फेरिए फेरि माओवादी संवैधानिक परिषद्मा शून्य हुने छ । अहिले प्रधानमन्त्री दाहाल यसका अध्यक्ष हुन् । यही पीडा देखाउँदै दुवै दल राष्ट्रिय सभाको अध्यक्ष पदको तानातानीमा लागेका देखिन्छ ।

### कृष्ण भर्सेस् उर्मिला

गठबन्धनका कारण माओवादी राष्ट्रिय सभामा पहिलो दल बनेको छ । यही मौकामा माओवादीले उपाध्यक्ष उर्मिला अर्याललाई अध्यक्षमा बढुवा गर्ने तयारीमा लागेको देखिन्छ । यसको निर्णय आजको स्थायी कमिटीले ल्याउने माओवादी प्रवक्ता सापकोटा बताउँछन् । जारी स्थायी कमिटी आज बिहान पनि बस्दै छ ।

यता कांग्रेस भने संविधान बुझेका सिटौलालाई अघि सार्ने तयारीमा छ । निर्वाचनअघि नै सिटौलालाई राष्ट्रिय सभाको अध्यक्षको उम्मेदवारको रूपमा प्रचार गरिएको थियो । सिटौलाको पक्षमा माओवादी अध्यक्ष दाहालसमेत सकारात्मक रहेको कांग्रेसको दाबी छ ।

■■■

### अख्तियारको भूमिकामा...

यस प्रकरणको अनुसन्धान अख्तियारले गरिरहेको छ । तर, अनुसन्धान निकै सुस्त छ ।

तत्कालीन पर्यटनमन्त्रीहरू स्वर्गीय रवीन्द्र अधिकारी, जीवनबहादुर शाही, जितेन्द्र देवसँगै तत्कालीन सचिव प्रेमकुमार राई, पूर्वसचिव कृष्ण अधिकारीलगायत मुछिएको वाइड बडी जहाज खरिद प्रकरणको पनि अनुसन्धान सुस्त छ । अहिलेसम्म अख्तियारले मुद्दाको अभियोजन गरेकै छैन । चार अर्बभन्दा बढी वाइड बडी जहाज खरिदमा भ्रष्टाचार भएको छानबिन समितिको प्रतिवेदन थियो । तर, अख्तियार निकै पुरानो यस प्रकरणको पनि निष्कर्षमा पुगेकै छैन ।

एमाले सांसद गोकुलप्रसाद बाँस्कोटा ७० करोड कमिसन प्रकरणमा मुछिएको सेक्युरिटी प्रिन्टिङ प्रेस खरिदबारेको अनुसन्धान पनि अझै बाँकी छ । यसबारे सांसद बाँस्कोटाले नै मंगलबारको संसद् बैठकमा आयोगले कुनै प्रकरणमा मुछिएकाबारे अनुसन्धान छिटो गरेर निर्णय दिनुपर्ने बताएका थिए ।

जवाफ दिने क्रममा अख्तियार प्रमुख राईले उक्त काण्डको छानबिन भइरहेको बताए । उनले भने, 'प्रमाणविना कसैलाई पक्राउ गर्ने कुरा हुँदैन ।'

अख्तियारले चमेलिया जलविद्युत् आयोजनामा ५४ करोड भएको भ्रष्टाचारकाण्डको पनि अनुसन्धान गरिरहेको छ । यहाँ पनि मन्त्रीदेखि सचिव हुँदै तल्ला तहका कर्मचारीहरू जोडिएका छन् । तर, अख्तियारले अनुसन्धान अझै सकेको छैन ।

■■■

### गैरआर्थिक भ्रष्टाचारको...

'आर्थिक अनियमिततालगायतका भ्रष्टाचारको परिभाषाभित्र पर्ने, गैरआर्थिक भ्रष्टाचारजन्य कार्यमाथिसमेत प्रभावकारीरूपमा अनुसन्धान गरी कारबाहीको दायरामा ल्याउनेगरी कार्यसम्पादन गर्नसमेत समितिको बैठक अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई निर्देशन गर्दछ,' मंगलबारको समिति बैठकपछि सभापति पोखरेलले भने ।

बैठकमा सभापति पोखरेलसँगै समिति सदस्यहरूले समितिले दिएको निर्देशनहरूको कार्यान्वयन अवस्था र कार्यप्रगतिबारे अख्तियार प्रमुख राईलाई सोधेका थिए । भ्रष्टाचारजन्य कसुर स्थापित हुनेगरी प्रभावकारी अनुसन्धान गर्ने निष्कर्षमा पुग्न र विशेष अदालतमा अभियोजन गर्न पनि सुझाएका थिए ।

भ्रष्टाचार प्रकरणको अनुसन्धानका लागि विभिन्न मुलुकहरूसँग सूचना लिनुपर्ने भएकाले त्यसका लागि सरकारसँग सम्झौता गर्न पनि समितिको निर्देशन छ । आवश्यकताअनुसार बहुपक्षीय र दुईपक्षीय सम्झौताहरू गर्न र संसद्बाट अनुमोदन गराउने कार्यलाई प्राथमिकताका साथ गर्न/गराउन समितिले सरकारलाई पनि निर्देशन दिएको छ । प्रमुख राईले मुलुकबाहिरबाट भ्रष्टाचारको 'डिल' हुन थालेको भनेपछि समितिले यस्तो निर्देशन दिएको हो ।

# गण्डकी प्रदेशसभाको हिउँदे अधिवेशन आजदेखि

**गण्डकी (प्रस)–** गण्डकी प्रदेशसभाको हिउँदे अधिवेशन आज बुधबारदेखि सुरू हुँदै छ । प्रदेश सरकारका प्रवक्ता एवं ऊर्जा, जलस्रोत तथा खानेपानीमन्त्री सरस्वती अर्याल तिवारीले विषयगत समितिबाट पारित भएका आमसञ्चार र बीउ बिजनसम्बन्धी व्यवस्था गर्न बनेको विधेयक अधिवेशनमा पेस हुने जानकारी दिइन् ।

सरकारले यही अधिवेशनमा प्राइभेट फार्म दर्ता ऐन, २०७८ लाई संशोधन गर्न बनेको विधेयक र सार्वजनिक सडक निर्माण, विस्तार तथा मर्मत सम्भार गर्न बनेको विधेयक पनि सदनमा पेस गर्ने निर्णय गरेको उनको भनाइ छ । 'हिउँदे अधिवेशनमा सातवटा विधेयक अगाडि बढाउने तयारीमा सरकार छ,' प्रवक्ता अर्यालले भनिन् ।

यसअघि प्रदेश मामिला तथा कानुन समितिद्वारा आमसञ्चारसम्बन्धी व्यवस्था गर्न विधेयक र सामाजिक विकास तथा कृषि समितिबाट गण्डकी प्रदेशमा बीउ बिजनसम्बन्धी व्यवस्था गर्न बनेको विधेयक सर्वसम्मत रूपमा पारित गरिएको थियो ।

प्रदेशसभाका कानुन अधिकृत कुमार रिजालले आज दिउँसो २ बजे प्रदेशसभा बैठक सुरू हुने जानकारी दिए । कार्यव्यवस्था परामर्श समिति बसेर बैठकको कार्यसूची तय गर्ने उनको भनाइ छ ।


## CAREER OPPORTUNITY

**(Preference shall be given to Nepalese Citizen)**

Tibet Carpet, an exclusive manufacturer and exporter of authentic carpets and other materials, invites applications from suitable, qualified and result oriented candidate for the position of **'Production and Marketing Consultant'**. Interested candidates are requested to send their application within the mentioned deadline.

**Production and Marketing Consultant- (Kathmandu-1)**

**Job Summary:**
Ensure the smooth production activities at the factory with its valuable advice in order to achieve organizational objectives of becoming exclusive manufacturer and exporter of the carpet and other materials. The ideal candidate shall also be able to provide valuable marketing advice that helps to improve marketing campaigns so that customers from different parts of the world could enjoy our products and services.

**Qualification and Skills:**

Ideal candidates shall have following qualifications and skills as per the requirement of job:
**As for part of Marketing Consultant:**
• Masters' degree in Business administration or related fields with minimum 7 years of experience in related field in operational or administrative department of any organization. (Preferably, candidates with experiences in international companies, trade and businesses)
• In-depth knowledge with practice of marketing principles that are applied around the world class businesses.
• Proven relationship-building skills and client communication experience.
• Passion for internet and marketing with strong understanding of inbound marketing and marketing software.
• Excellent writing skills and a strong understanding of how to write SEO-friendly content.
• Problem-solving ability in marketing, communications, business or related fields.
**As for part of Production Consultant**, candidates shall have following additional qualifications and skills:
• Prior minimum 7 years of experience in production as manager or consultant.
• In-depth knowledge of production management, risk management and safety regulations.
• Excellent organization, time management and leadership skills.
• Confident and good decision-making ability with attention to detail.

**Duties and Responsibilities:**

Production and Marketing Consultant shall involve following duties and responsibilities:
**As for part of Marketing Consultant**:
• Developing and implementing marketing strategies in accordance with the company's objectives.
• Conducting market research for identifying commercial opportunities and industry trends.
• Studying company operations and profile for understanding the marketing requirements.
**As for part of Production Consultant:**
• Conducting analysis.
• Identifying issues and finding solutions.
• Providing guidance on production management.
• Developing relationship between the Customers and Employer.
• Collaborate with management to understand objectives and requirements.
**Age Limit:** 25-45 years
**Salary:** Negotiable
**Term of Employment:** 3 years
**To Apply:** Interested candidates having met the above requirements are requested to submit their application along with a cover letter and updated CV at tc@mail.com.np not later than 17:00, March 8, 2024. Only shortlisted candidates will be called for an interview.



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : INNOVATION DIRECT EMPLOYMENT SERVICES

पूर्व स्वीकृति मिति: २०८०/११/०६ पुन विज्ञापन स्वीकृति मिति २०८०/११/१५ LT. No. 300219 चलानी नं. ६०२१५११२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Female Cleaner | 0 | 50 | 1300 | ४७,००५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन १७ गते (29th Feb. 2024) मा हुनेछ ।
प्रि-अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन १६ र १७ गते (13/14 Feb. 2024) धमाधम हुँदैछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १६५२/०८०/०८१

**Yovant Recruitment Services PVT. LTD.)**
Samakhushi-26, Kathamndu, Nepal Phone No.01-4973973
Mob : 9815015291, 9849842264, 9851019844, yovant1652@gmail.com


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

फागुन १६ गते २०८०, बुधबार

| | |
|---|---|
| **मेष** | दुष्ट व्यक्तिको संगतले आत्मघाती काम गर्न पुगिएला । |
| **वृष** | प्रेमसम्बन्ध र प्रणयप्रसंगका लागि श्रेष्ठ समय रहेको छ । |
| **मिथुन** | धर्मकर्म तथा समाज सेवामा मन लाग्नेछ । |
| **कर्कट** | स्वास्थ्य क्षेत्रमा सजगता अपनाउनु होला । |
| **सिंह** | आज समस्या दर्साउँदा सुखदु:खमा साथ दिनेहरू भेटिनेछन् । |
| **कन्या** | रोकिएका अधुरा कामहरू पुरा हुन सक्छ । |
| **तुला** | नजिकको व्यक्तिबाट सहयोग पाइनेछ । |
| **वृश्चिक** | प्रेममा मनमुटावका साथै मन कमजोर रहला । |
| **धनु** | रस्वादिष्ट भोजनको अवसर प्राप्त हुने योग छ । |
| **मकर** | प्राविधिक र स्वास्थ्य विषयमा बढी सफलता मिल्नेछ । |
| **कुम्भ** | नयाँ कार्यको योजना बन्ने र शुभ कार्यको चर्चा हुनेछ । |
| **मीन** | अरूको मुख नताकी सही निर्णय लिन सके प्राप्त होला । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ नि:शुल्क एम्बुलेन्स/ शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| नि:शुल्क होमियो दातव्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालय/शववाहन सेवा | |
| (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेसनल | |
| किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

फागुन १६ गते, २०८०, २८ फेब्रुअरी, २०२४

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३२.६२ | |
| युरो | १ को | १४४.४२ | १४५.०७ |
| पाउन्ड स्टिर्लङ | १ को | १६७.५८ | |
| स्विस फ्रैन्क | १ को | १५४.१० | १५४.८० |
| अस्ट्रेलियन डलर | १ को | ८७.५५ | |
| क्यानाडियन डलर | १ को | ९८.२९ | ९८.७३ |
| सिंगापुर डलर | १ को | ९८.९२ | |
| जापानी येन | १० को | ९.०४ | ९.०८ |
| चिनियाँ युआन | १ को | १८.४४ | |
| साउदी अरब रियाल | १ को | ३५.३६ | ३५.५२ |
| कतारी रियाल | १ को | ३६.३६ | |
| थाई भाट | १ को | ३.७५ | ३.७७ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.११ | |
| मलेसियन रिङेट | १ को | २८.२७ | २८.३९ |
| दक्षिण कोरियन वन | १०० को | ९.९२ | |
| स्विडिस क्रोनर | १ को | १२.७४ | १२.८० |
| डेनिस क्रोनर | १ को | १९.३६ | |
| हङकङ डलर | १ को | १६.९५ | १७.०३ |
| कुवेती दिनार | १ को | ४३०.९५ | |
| बहराइन दिनार | १ को | ३५१.८१ | ३५३.४० |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट धधध।लचद।यचन।लउ मा उपलब्ध हुनेछ ।

# इलाम-२ मा सुरू भयो चुनावी चर्चा

**मंगलबारे (इलाम)**- निर्वाचन आयोगले इलाम-२ को प्रतिनिधिसभा सदस्यका लागि उपनिर्वाचनको मिति तोकेसँगै चुनावी सरगर्मी बढेको छ। नेताहरू टिकटका लागि आफ्नो नजिक रहेका नेता भेट्न दौडधुपमा लागेका छन्।

निर्वाचन आयोगले आगामी वैशाख १५ गते शनिबार उपनिर्वाचन गर्ने निर्णय गरिसकेको छ। गत चुनावमा सत्तारूढ गठबन्धनमा रहेका दल र नेपाल कम्युनिस्ट पार्टी एमालेबीच कडा प्रतिस्पर्धा भएको थियो। अर्थात् गठबन्धनका उम्मेदवार नेपाली कांग्रेसका डम्बर खड्कालाई ११४ मतले पछि पार्दै एमालेका सुवासचन्द्र नेम्बाङ विजयी भएका थिए। सो क्षेत्रबाट निर्वाचित तत्कालीन प्रतिनिधिसभा सदस्य एमालेका उपाध्यक्ष रहेका नेम्बाङको गत भदौ २६ गते निधन भएको थियो। नेम्बाङको मृत्यु भएपछि यस क्षेत्रमा उपचुनाव हुन लागेको हो।

यस क्षेत्रका नेताहरू आफू विजयी हुने दाबीसहित प्रदेश र केन्द्रीय तहका नेताकहाँ धाउन थालेका छन्। नेपाली कांग्रेसका तर्फबाट जिल्ला सभापति डम्बर खड्का र महासमिति सदस्य भेषराज आचार्यको नाम चर्चामा रहेको छ। पूर्वजिल्ला सभापति तथा पूर्वसांसद केशव थापा र नगेन्द्र कुमालको नाम चर्चामा आउने गरेको छ।




एमालेबाट स्व. नेम्बाङका छोरा सुहाङ नेम्बाङको समेत चर्चा छ। जिल्लासचिव उमेश गुरुङ, उपसचिव रवीन्द्र सुवेदीको उत्तिकै चर्चा छ। स्व. नेम्बाङका पूर्वस्वकीय सचिव बुद्धि खनालको नाम पनि चर्चामा रहँदै आएको छ।

कांग्रेससँग सत्ता साझेदार नेपाल कम्युनिस्ट पार्टी माओवादी केन्द्रका केही नेताको नाम चर्चामा रहेको छ। माओवादी केन्द्रका तर्फबाट प्रदेश समितिका अध्यक्ष हर्कबहादुर नेम्बाङ (मिक्सो), जिल्ला इन्चार्ज कुलप्रसाद लिम्बू, पूर्वजिल्ला इन्चार्ज धिरेन्द्र शर्मा (रमन), जिल्ला सहइन्चार्ज कान्छा लावती र जिल्ला अध्यक्ष विजय राईका नाम चर्चामा रहेको छ।

राष्ट्रिय जनमुक्ति पार्टीका केन्द्रीय अध्यक्ष खड्गप्रसाद (केपी) पालुङ्वाको नाम चर्चामा रहेको छ। उनी गएको निर्वाचनमा पनि उठेका थिए। उनले सम्मानजनक मत प्राप्त गरेका थिए। पालुङ्वालाई पहिचान पक्षधरले सहयोग गर्ने एकथरीको भनाइ छ।

नेपाल कम्युनिस्ट पार्टी एकीकृत समाजवादीका तर्फबाट समेत उम्मेदवारीको चर्चा हुन थालेको छ। सो पार्टीबाट पूर्वप्रधानमन्त्री भइसकेका झलनाथ खनालको चर्चा हुन थालेको छ। उनी गएको निर्वाचनमा इलाम-१ बाट पराजित भएका थिए। एकीकृत समाजवादीले जिल्ला कमिटीको निर्णयबाट मात्र उम्मेदवारको टुंगो लगाउने बताइएको छ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) तथा स्वतन्त्र उम्मेदवारको चर्चा हुन थालेको छ। रास्वपाले प्रतिनिधि खटाएर अवस्था बुझ्ने र उम्मेदवार टुंगो लगाउने बताएको छ। स्थानीय उम्मेदवारलाई नै प्राथमिकता दिने सो पार्टीको भनाइ छ। स्वतन्त्र उम्मेदवारले उम्मेदवारी दिने बताइएको छ। हालसम्म कुनै पनि पार्टीले उम्मेदवारको टुंगो लगाएका छैनन्।

केही स्वतन्त्र उम्मेदवारले उम्मेदवारी दिने सामाजिक सञ्जालमार्फत चर्चा चलाए पनि आधिकारिकरूपमा उम्मेदवारीको घोषणा भएको छैन। *रासस*

## Shailung Rural Municipality

Office of the Rural Municipal Executive
Katakuti, Dolakha
Bagamati Province, Nepal

### Invitation for Bid

**Date of Publication: 16/11/2080 (28th Febuary 2024)**

Shailung Rural Municipality, Katakuti, Dolakha office invites electronic bids and sealed bids from all Nepalese eligible bidders for the mention in the table below on or before 16/12/2080 (29th March 2024) 12:00 hours. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Shailung Rural Municipality, Katakuti, Dolakha or may visit PPMO website: **www.bolpatra.gov.np/egp.**

| S.N | Name of Project | Contract ID | Estimate Amount Nrs.(With VAT & PS) | Bid Security(Nrs.) | Bid Document Fee(Nrs.) |
|---|---|---|---|---|---|
| 1 | Kuwa Birta Bhakare Road | SRM/NCB/W/08-2080/081 | 32,50,000.00 | 95,000.00 | 3000.00 |

**Chief Administrative Officer**

## श्री लालीगुराँस बहुउद्देश्यीय सहकारी संस्था लि.

(ललितपुर जिल्ला ललितपुर म.न.पा. वडा नं ३,पुल्चोक)

### अचल सम्पती (धितो) लिलाम बिक्री गर्ने बारे ३५ दिने अत्यन्त जरूरी सूचना

**प्रकाशित मिति: २०८०/११/१६**

नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालय, काठमाडौंमा मिति २०७५/०२/२९ गते दर्ता भई दर्ता नं. १९१४५६/०७४/०७५ तथा पान नं. ६०६६८५४२१ भएको साविक बागमती अञ्चल ललितपुर जिल्ला माल्टा गा.वि.स. (हाल बागमती प्रदेश ललितपुर जिल्ला बागमती गा.पा. वडा नं. २, माल्टा) मा अवस्थित जुगल ढुङ्गा गिट्टी वालुवा उधोग प्रा.लि. यस संस्थाबाट ब्यवसायिक प्रयोजनको लागि लगेको कर्जाको यस संस्थासँग गरेको सम्झौता बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, लगायत अन्य दस्तुर आदि नतिरी नबुझाई संस्थासँग गरेको कर्जा सम्बन्धी शर्त बन्देजहरू उल्लंघन गरेकोले, सहकारीको सम्पूर्ण लेना रकम चुक्ता गर्न पटक पटक मौखिक तथा लिखित रूपमा तर ताकेता गरेको र सो गर्दा समेत सहकारीको कर्जा चुक्ता गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्था गरी बसेको हुँदा धितो सुरक्षण स्वरुप रहेको तपशिलमा लेखिएको धितो जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्ने बारे ३५ दिने सूचना प्रकाशित गरिएको छ। उक्त म्याद भित्र पनि कर्जा चुक्ता नगरेमा कर्जा सुरक्षणार्थमा लेखिदिएको, कुनै किसिमको कानूनी झै झमेला नभएको, यस संस्थामा धितो सुरक्षण वापत रहेको अचल सम्पत्ती सहकारी ऐन नियमावली २०७५ तथा यस सहकारीको ऋण लगानी तथा असुली सम्बन्धि विनियमावलीले दिएको अधिकार प्रयोग गरि नियम बमोजिम सहकारी आफैले लिलाम बिक्री गर्ने भएकोले, लिलाममा डाँक बढाबढ गरि लिन ईच्छुक महानुभावहरुले यो सुचना प्रकाशित भएको मितिले ३६ औं दिन (उक्त दिन बिदा परेमा सो को भोलिपल्ट) तोकिएको समय अनुसार यस सहकारीको कार्यालयमा उपस्थित भई आफुले सकार गरी लिन चाहेको मूल्यमा बोल कबोल गर्नुहुन सूचित गरिन्छ।

**तपशिल**

| सि.नं. | अख्तीयार प्राप्त सञ्चालकको ठेगाना तथा तिन पुस्ते विवरण | धितो सुरक्षण विवरण | व्यक्तिगत जमानत दिनेको ठेगाना, फोटो तथा तिनपुस्ते विवरण |
|---|---|---|---|
| १. |  बागमती अञ्चल सिन्धुपाल्चोक जिल्ला बरुवा गा.वि.स. वडा नं. २ (हाल बागमती प्रदेश सिन्धुपाल्चोक जिल्ला पाँचपोखरी थङपाल गा.पा. वडा नं. २) मा जन्मस्थान भई हाल बागमती प्रदेश काठमाण्डौं जिल्ला गोकर्णेश्वर न.पा. वडा नं. ६, नारायणटारमा बसोबास गर्ने **श्री मिंमार शेर्पा**को बुहारी **श्री सोनम जाङबु शेर्पा**को श्रीमती (न.प्रा.नं. २११९-४०६१ ५६८-५४६२६, जि.काठमाडौं) वर्ष ६४ को **श्रीमती छिरिङ डोल्मा शेर्पा**। | मालपोत कार्यालय चावहिल, काठमाण्डौंमा श्रीमती डोल्मा शेर्पाको नाममा श्रेष्ता दर्ता कायम रहेको साविक बागमती अञ्चल काठमाण्डौं जिल्ला जोरपाटी गा.वि.स. वडा नं. ४ (हाल बागमती प्रदेश काठमाडौं जिल्ला गोकर्णेश्वर न.पा. वडा नं. ०६) मा अवस्थित कि.नं. २१६ र २१७ तथा क्षेत्रफल ३०४.०५ व.मी र २००.४६ व.मी.भएको घरजग्गा तथा घरजग्गाले चर्चेको सम्पुर्ण लिगलगापात समेत। |  १) साविक बागमती अञ्चल सिन्धुपाल्चोक जिल्ला बरुवा गा.वि.स. वडा नं. २ (हाल बागमती प्रदेश सिन्धुपाल्चोक जिल्ला पाँचपोखरी थाङपाल गा.पा. २) मा जन्मस्थान भई हाल बागमती प्रदेश काठमाण्डौ जिल्ला गोकर्णेश्वर न.पा. वडा नं.६, नारायणटारमा बसोबास गर्ने **श्री निमा तेडजिङ्ग शेर्पा**को नाति **श्री मिमांर शेर्पा**को छोरा (ना.प्र.नं. २४३६९/१९०३६, सिन्धुपाल्चोक) वर्ष ६३ को **श्री सोनम जाङबु शेर्पा**।<br> २) साविक बागमती अञ्चल सिन्धुपाल्चोक जिल्ला बरुवा गा.वि.स. वडा नं. २ (हाल बागमती प्रदेश सिन्धुपाल्चोक जिल्ला पाँचपोखरी थाङपाल गा.पा. २)मा जन्मस्थान भई हाल बागमती प्रदेश काठमाण्डौ जिल्ला गोकर्णेश्वर न.पा. वडा नं.६, नारायणटारमा बसोबास गर्ने **श्री निमा शेर्पा**को नातिनी **श्री मिमांर शेर्पा**को छोरी (ना.प्र.नं. २५८२/४८४०२, सिन्धुपाल्चोक) वर्ष ५६ को **श्री डोल्मा शेर्पा**। |

**लिलामका शर्तहरु :**

१. लिलाममा अन्तिम पटक सबै भन्दा बढी कवोल गर्ने व्यक्तीले आफुले बोलेको अंकको १० प्रतिशतले हुने रकम नगदै धरौटी वापत तुरुन्त यस संस्थामा बुझाउनु पर्नेछ।
२. लिलाम सकार गर्ने व्यक्तीले सहकारीबाट लिलाम निश्चितताको सुचना पाएको ७ दिन भित्र बाँकी रकम बुझाई अचल सम्पती बुझि नलिएमा धरौटी बापत रहेको १० प्रतिशत रकम स्वत जफत हुनेछ।
३. लिलाम सकार गर्ने व्यक्तीले सकार गरेको मूल्यको १० प्रतिशत रकम सोही दिन नबुझाएमा निज पछि सबै भन्दा बढी रकम बोल्ने व्यक्तीको नाममा लिलाम सदर गरिनेछ।
४. तोकिएको लिलामको दिन सहकारी बिदा परेमा वा सरकारी बिदा पेरमा त्यसको लगत्तै सरकारी वा सहकारी कार्यालय खुल्ने दिन लिलाम बढाबढ हुनेछ।
५. डाँक बढाबढ गर्दा सबै भन्दा बढी अंक बोल्ने व्यक्तीलाई अचल सम्पत्ती दिने वा नदिने सम्पूर्ण अधिकार सहकारीमा सुरक्षित रहनेछ।
६. लिलाम बिक्री हुने धितो (जग्गा) को सम्बन्धित कागजातहरू हेर्न चाहनु हुने महानुभावहरूले यस सहकारीमा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नु हुनेछ।
७. ललितपुर म.न.पा. वडा नं. ३ पुल्चोक स्थित यस सहकारीको कार्यालयमा अपह्नन्न १० बजे देखि ४ बजेसम्म लिलामको डाँक बढाबढ हुनेछ।
८. लिलाम बिक्री गर्दा लागेको सम्पूर्ण खर्च ऋणी स्वयंले नै व्यहोर्नु पर्नेछ।
९. सहकारी ऐन २०७४, नियमावली २०७५ तथा यस संस्थाको ऋण लगानी तथा असुली सम्बन्धी विनियमावली अनुसार लिलाम बिक्री गर्नुपर्ने जायजेथा लिलाम बिक्री गर्दा कसैले नसकारेमा सहकारीले उक्त सम्पत्तीको स्वामित्व आफुमा लिन सक्नेछ।
१०. संस्थामा सुरक्षण स्वरुप रहेको धितोबाट सम्पुर्ण कर्जा रकम असुल उपर नभएमा ऋणी तथा जमानीको नाँउमा रहेको नेपाल राज्यभरको अन्य चल अचल सम्पत्तिबाट समेत असुल उपर गरिनेछ।

**नोट :- लिलाम हुने मिति २०८०/१२/२१ गते, बुधबार।**

## रौतामाई गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

भुट्टार, उदयपुर
कोशी प्रदेश, नेपाल

### विद्युतीय माध्यमबाट बोलपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८०/११/१६**

यस कार्यालयको स्वीकृत कार्यक्रम अनुसार ***Truss and Roof Work at top floor of Chief Administrative Building, Bhuttar, RRM-02, Udayapur*** योजनाको लागी तपसिल बमोजिमको निर्माण कार्य गर्नु पर्ने भएकोले इच्छुक फर्म, कम्पनीले बोलपत्र पाइने स्थान, दस्तुर, बिडवण्ड पेश गर्ने, खोल्ने स्थान लगायतका विस्तृत विवरण सहितको सूचना यस कार्यालयको Website:www.rautamaimun.gov.np र सूचना पाटीमा साथै यस सम्बन्धी सूचना सार्वजनिक खरिद अनुगमन कार्यालय (PPMO) को Website:www.ppmo.gov.np मार्फत हेर्न सकिने र बोलपत्र सम्बन्धी कागजात www.bolpatra.gov.np/egp मा राखी यो विद्युतीय माध्यमबाट बोलपत्र आह्वान गरिएको छ।

**बोलपत्र सम्बन्धी निर्माण कार्यको विवरण**

| सि.नं. | बोलपत्र नं. | कार्यको विवरण | स्वीकृत ल.ई.रकम (पि.एस. आइटम र भ्याट वाहेक) रु. | धरौटी रकम | निर्माण कार्य | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|---|
| १. | RRM/NCB/Works/18/2080-081 | Truss and Roof work at top floor of Chief Administrative Building Bhuttar, RRM-02, Udayapur | 31,14,558.15 | 90,000.00 | नेपाल सरकार बाट मान्यता प्राप्त फर्म, कम्पनी | रु.३०००/– |

**Chief Administrative Officer**

### बीमालेख हरायो

मिति २०८०/१०/०८ गते, बालाजुदेखि रत्नपार्कसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको बीमालेख हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन विनम्र अनुरोध गर्दछु।

**नाम : हेमन्त राज गौतम**
**बीमालेख नं : १००१०५६९३**
**Life Insurance Corporation**
**ठेगाना : अनारमनी-७, झापा**
**सम्पर्क नं : ९८४५२०६१९०**

### बीमालेख हरायो

मिति २०८०/१०/०८ गते, बालाजुदेखि रत्नपार्कसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको बीमालेख हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन विनम्र अनुरोध गर्दछु।

**नाम : लुगिसा चनारा**
**बीमालेख नं : १००११६९३०**
**Life Insurance Corporation**
**ठेगाना : भेरी न.पा १, काले गाउँ, जाजरकोट**
**सम्पर्क नं : ९८६१६४७५८५**


## युएईमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : BERKELEY SERVICES U.A.E(LLC)**

पूर्व स्वीकृति मिति २०७९/०८/०९ | पुन विज्ञापन स्वीकृति मिति २०८०/११/१५ | LT. No. 276509 | चलानी नं. ६०१९२०९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 6 | 36 | 800 | २८,४८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Security Guard | 20 | 0 | 1200 | ४२,७२० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: झापा, बिर्तामोड, होटल ग्र्यान्ड प्यासिफिकमा मिति: २०८० फागुन २३ गते (6th Mar. 2024) मा हुनेछ। कास्की, पोखरा, लेखनाथ मार्ग, बाजेको सेकुवामा मिति: २०८० फागुन २४ गते (7th Mar. 2024) मा हुनेछ। संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन २६ गते (9th Mar. 2024) मा हुनेछ।**

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

Govt.Lic. No. 1102/073/074

**(डि. के. रिभर ओभरसिज प्रा.लि)**
**DK RIVER OVERSEAS (P.) LTD.**
Tokha-09, Gangabu, Kathmandu,
Tel : 01-4980932/4982214/4955132
Mobile : 9851219532 Email : dkriverhr@gmail.com


### कम्पनीको नाम परिवर्तन गरिएको सूचना

**तेस्रोपटक प्रकाशित मिति : २०८०/१०/१६**

**देव आईडियल इङ्गलिस स्कूल (को एजुकेशनल एण्ड रेसिडेन्सिएल) प्रा.लि.** को मिति २०८०।११।०३ मा सम्पन्न एकल शेयरधनीको विशेष बैठक/साधारणसभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पुर्ण चलअचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदी परिवर्तित नाम **अलनूर पब्लिक सेकेन्डरी स्कूल (को एजुकेशनल एण्ड रेसिडेन्सिएल) प्रा.लि.**ले सकार्ने व्यहोर्ने शर्तमा कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि सूचित गरिन्छ।

**अलनूर पब्लिक सेकेन्डरी स्कूल (को एजुकेशनल एण्ड रेसिडेन्सिएल) (प्रा.लि. नं. २७६७६)**
**लाहान न.पा.-१८, सिराहा**

### निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित २०८०/११/१६ गते)

गंगाधर सुवेदीको नाती, गोपीलाल सुवेदीको छोरा, गुल्मी जिल्ला हुंगा गा.वि.स वडा नं. ८ हाल नवलपरासी जिल्ला सुनवल नगरपालिका वडा नं ०४ बस्ने श्री झविलाल सुवेदी को मिति २०८०/०९/२९ गते मुत्यु भएकोले निजको नाममा यस बैंक सुनवल शाखामा रहेको बचत खाता नं. २३३०१९८१२६३००००१ मा मौज्दात रहेको रकम भुक्तानी पाऊँ भनि निज खातावालाको श्रिमति लक्षीमा सुवेदीले यस बैंकको सुनवल शाखामा निवेदन दिनुभएको हुँदा उक्त निक्षेपउपर निज निवेदकको बाहेक अन्य कसैको हकदावी भए यो सुचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र अग्राधिकारवाला हकदारहरुले सबुत प्रमाण सहित दाबी गर्नुहुन यो सुचना प्रकाशित गरिएको छ। म्याद भित्र प्राप्त नभएको र रित नपुगेको दरखास्तउपर कुनै कारबाही नहुने व्यहोरा यसै सुचनाद्धारा जानकारी गराइन्छ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

**शाखा कार्यालय सुनवल, नवलपरासी फोन. नं. ०७८-५७०५०१**


## युएईमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : ALIGN TEAM LLC**

पूर्व स्वीकृति मिति २०८०/०९/२२ | पुन विज्ञापन स्वीकृति मिति २०८०/११/१५ | LT. No.297664 | चलानी नं.६०२१२७३२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 19 | 0 | 900 | ३२,५२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Filling Clerk | 10 | 0 | 1400 | ५०,४९५ | | | | | | | |
| 3 | Helper | 48 | 25 | 900 | ३२,५२५ | | | | | | | |

**कम्पनी : THE VALET LLC**

पूर्व स्वीकृति मिति २०८०/०९/२३ | पुन विज्ञापन स्वीकृति मिति २०८०/११/१५ | LT. No.297731 | चलानी नं.६०२१२८१३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Customer Service Representative | 97 | 0 | 1100 | ३९,७५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Driver | 147 | 0 | 1400 | ५०,४९५ | | | | | | | |
| 3 | Kitchen Helper | 25 | 0 | 900 | ३२,५२५ | | | | | | | |
| 4 | Revenue Assistant | 10 | 0 | 2000 | ७२,२८० | | | | | | | |
| 5 | Shift Supervisor | 25 | 0 | 2000 | ७२,२८० | | | | | | | |
| 6 | Waiter | 25 | 0 | 1100 | ३९,७५५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन २३ गते (6th Mar. 2024) मा हुनेछ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** नि:शुल्क कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**Green Tara International Overseas Services Pvt. Ltd.**
श्रम ईजाजत नं. १०१८/०६८/०६९
Damodar Marga, Jawalakhel, Lalitpur, Tel: +977-015442013/14
Email: greentara.overseas@gmail.com, Website : www.greentaraintl.com



## मलेसिया/साउदीमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : VISI L.A SECURITY FORCE SDN BHD**

पूर्व स्वीकृति मिति २०७९/०८/२६ | पुन विज्ञापन स्वीकृति मिति २०८०/११/१५ | LT. No. 277497 | चलानी नं. ६०१९३१५३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 22 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**कम्पनी : ABDULLAH AMER AL SARHAN CONTRACTING EST**

पूर्व स्वीकृति मिति २०८०/04/30 | पुन विज्ञापन स्वीकृति मिति २०८०/११/१५ | LT. No. 290949 | चलानी नं. ६०२०६२०२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Agent | 6 | 0 | 1000 | ३५,३४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु.१,५०० कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**कम्पनी : ABDULLAH AMER AL SARHAN CONTRACTING EST**

पूर्व स्वीकृति मिति २०८०/04/30 | पुन विज्ञापन स्वीकृति मिति २०८०/११/१५ | LT. No. 290948 | चलानी नं. ६०२०६२०१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Agent | 1 | 0 | 1000 | ३५,३४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन २३ गते (6th Mar. 2024) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कस ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदार आफैंले | रु.७००/– कामदार आफैंले | रोजगारदाताले दिने |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु.१,५०० कामदार आफैंले **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ। ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**CENTRAL CAPITAL SERVICES PVT.LTD.**
श्रम ईजाजत नं. ५७४/०६२/०६३
P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com

प्रभाव दैनिक

बुधबार १६, फागुन २०८० (Wednesday, February 28, 2024)


रूपशाला

## भोजपुरी उद्योगका चार कलाकारको निधन

भोजपुरी फिल्म उद्योगले ४ उदीयमान स्टार कलाकार गुमाएको छ । मृत्यु हुनेमा चर्चित वेब सिरिज 'पञ्चायत २'की अभिनेत्री आँचल तिवारी पनि छिन् । सञ्चार माध्यमहरूमा छापिएको समाचारअनुसार सबै कलाकारको सडक दुर्घटनामा मृत्यु भएको हो । मृत्यु हुनेमा भोजपुरी अभिनेत्री सिमरन श्रीवास्तव, गायक विमलेश पाण्डे र छोटु पाण्डे पनि छन् । जानकारीका अनुसार बिहारको कैमुरमा आइतबार साँझ देवकाली गाउँ नजिक जीटी रोडमा यो सडक दुर्घटना भएको थियो । सोमबार बिहान मात्रै मृतकहरूको सनाखत भएको थियो । आइतबार मोटरसाइकल, एसयूभी र ट्रक एक आपसमा ठोक्किएको थियो । यस घटनामा ९ जनाको मृत्यु भएको थियो ।





# गीतले राष्ट्रको विकासमा योगदान दिनुपर्छ : पाण्डेय

*नेपाली चलचित्र क्षेत्रका गीतकारको चर्चा गर्दा युवा गीतकार **दयाराम पाण्डेय**को नाम अग्रपंक्तिमा आउने गर्छ । वि.स. २०५७ सालमा चलचित्र मुस्कानका लागि मिठामिठा सपना बोलको गीत लेखेर आफ्नो गीति लेखन यात्रा शुभारम्भ गरेका पाण्डेयले अहिलेसम्म आइपुग्दा सयौंको संख्यामा गीत लेखिसकेका छन् । उदित नारायण झा देखि आदित्य नारायण झा सम्म आनन्द कार्कीदेखि निशान भट्टराईसम्म त्यस्तै दिपा नारायण झा, साधना सरगम, पूर्णिमा, सन्जीबनि, देविका प्रधान, सपना श्रीदेखि अञ्जु पन्त हुदै अहिलेका नयाँ पुस्ताका गायक गायिकाले समेत उनका शब्दमा स्वर दिएका छन् । शम्भुजीत बास्कोटा देखि सौर्यजीत बासकोटा सम्म सुरेश अधिकारी, महेश खड्का, चेतन सापकोटा, बसन्त सापकोटा, अर्जुन पोखरेल हुदै कृष रिजालसम्मले उनले लेखेका गीतमा संगीत भरेका छन् ।राजेश हमाल, शिव श्रेष्ठ, भुवन के.सी.देखि प्रदिप खड्कासम्म गौरी मल्ल, करिश्मा मानन्धरदेखि कविता मानन्धर सम्मका कलाकारले उनको गीतमा अभिनय कला प्रस्तुत गरिसकेका छन् । नातीकाजी संगीत प्रतिभा पुरस्कार तत्कालिन राष्ट्रपति विद्यादेवी भण्डारीको हातबाट ग्रहण गरेका पाण्डेयले पूर्व उपराष्ट्रपति नन्द बहादुर पुनको हातबाट नेफ्टा सम्मान, पूर्व उपराष्ट्रपति परमानन्द झाबाट रिबन इन्टरटेनमेन्ट सम्मान, राष्ट्रिय सभाका अध्यक्ष गणेश तिमल्सिनाबाट क्वालिटी इन्टरटेनमेन्ट सम्मान पूर्व प्रधानमन्त्री शेरबहादुर देउवाबाट कलाकार संघको सम्मानलगायत थुप्रै सम्मानबाट सम्मानित भइसकेका छन् । उत्कृष्ट गीतकारको रूपमा नेफ्टा अवार्ड, कालिका म्यूजिक अवार्ड, तीज म्यूजिक अवार्ड, म्यूजिक खबर अवार्ड, लगायत थुप्रै अवार्डहरू प्राप्त गरिसकेका उनी चलचित्र संरक्षण मञ्चका मानार्थ सदस्य हुन् भने सगरमाथा म्यूजिक अवार्ड, लुम्बिनी आइडल, सर्ट फिल्म फेस्टिबल लगायतमा निर्णायकको रूपमा काम गरिसकेका पाण्डेयसँग गरिएको कुराकानी:*

◆ **हाल के गर्दै हुनुहुन्छ ?**

- केही दिन अगाडि मात्र इण्डियन आइडल तेस्रो सिजनका गायक अमित पलको स्वर, कृष रिजालको संगीत र मेरो शब्द रचनामा सम्झना यही हो बोलको गीत सार्वजनिक भएको छ । त्यसैको प्रमोशनमा व्यस्त छु । साथै निर्माणाधिन करिब आधा दर्जन चलचित्रको गीत लेखिरहेको छु ।

◆ **तपाईलाई गीत लेख्नको लागी कुन समय उपयुक्त लाग्छ ?**

- मैले प्राय: गीत सिटिङमा नै लेख्ने गर्छु। त्यसैले मलाई गीत लेख्नको लागी पर्टिकुलर यहि समय नै चाहिन्छ भन्ने छैन ।

◆ **तपाईलाई कस्तो खालको गीत लेख्न मन पर्छ ?**

- म व्यवसायिक गीतकार हुँ । पेशेवर गीतकारले यस्तो मात्र लेख्छु भनेर सुख पाईदैन । मैले लेखेका गीत हेर्नु भयो सुन्नु भयो भने यहाँ लाई नै थाहा हुन्छ । मेरो पर्सनल इन्ट्रेष्टको कुरा गर्नुहुन्छ भने मैले यस्तो गीत लेख्न चाहान्छु जुन गीतले राष्ट्रको विकासमा योगदान पुऱ्याओस् ।

◆ **कस्तो गीत चल्छ जस्तो लाग्छ तपाईलाई ?**

- यस्तै गीत चल्छ भन्ने ठ्याक्कै भन्न गाह्रो छ तर शब्द संगीत र स्वरको उत्कृष्ट तालमेल भएको गीतले नै धेरै दर्शक स्रोतको मन जितेको पाईएको छ ।

◆ **गीत कति प्रकारका हुन्छन् ?**

- गीतलाई विभिन्न विद्वानहरूले बिभिन्न तरिकाले परिभाषित गरेको पाइन्छ । मेरो विचारमा त गीत जम्मा दुई प्रकारका हुन्छन् । क. राम्रो ख. नराम्रो

◆ **नेपालीसँगै अन्य कुन कुन भाषामा गीत लेख्नु भएको छ ?**

- चलचित्रमा गीत लेख्दा चलचित्रको कथाले मागे अनुसार चलचित्र ख्यालख्यालैमा मा हमसे पुछो ना बाबै हमसे पुछोना बोलको गीतमा हिन्दी शब्द प्रयोग भएको छ । चलचित्र आमाको आर्शिवादको यानी माया बोलको गीतमा सायो नारा भन्ने जापानीज शब्द प्रयोग गरेको छु त्यस्तै अन्य चलचित्रका गीतमा नेवारी, अंग्रेजीलगायतका भाषाहरू प्रयोग भएका छन् । तर एउटा विदेशी पूर्ण गीत भने हिन्दी भाषामा लेखेको छु, जुन गीत बलिउडको ठूलो म्यूजिक कम्पनी टि सिरिजले बजारमा ल्याउँदैछ ।

◆ **तपाईलाई मन पर्ने गायक गायिका को हुन् ?**

- मैले लेखेका गीत नेपाल र भारतका अधिकांश महान गायक गायिकाहरूले गाईसकेका छन् । सबै गायक गायिकाहरूको आ-आफ्नै स्टाईल हुन्छ तसर्थ मैले यहि नै गायक या गायिका मन पर्छ भन्नु उचित नहोला ।

◆ **गीतकार त गायक गायिकाको तुलनामा सधै पछाडि नै पर्छन यसमा के भन्नुहुन्छ ?**

- गीतकार भनेको गीतको जननी हो एउटा गीत बन्न गीतकार, संगीतकार, गायक गायिका संगै बाध्यबाधक, एरेन्जर, रेकर्डिष्ट, मार्केटिङ सबैको उत्तिकै योगदान रहेको हुन्छ । तर गीतकार पर्दा पछाडी परे पनि एउटा गीत बन्न.गीतकार बिना सम्भव छैन ।

◆ **तपाईका भावी योजना के-के छन् ?**

- मेरो योजना बनाएर अघि बढ्ने स्वभाव छैन, तर नेपाली गीत संगीतलाई अन्तराष्ट्रिय बजारमा पुऱ्याउने मेरो सपना छ ।

◆ **अन्त्यमा केही भन्नु छ कि ?**

- म त सधै यहि नै भन्छु, नेपाली गीतलाई नेपाली मनले सुनौं । नेपाली गीतलाई नेपाली आँखाले हेरौं । र आज म जहाँ जे छु तपाई दर्शक स्रोताहरूको मायाले नै हो । यो माया यो सद्भाव यो आत्मियता झन बढ्दै जाओस् ।

# भजन शिरोमणि आचार्यको भावपूर्ण बिदाइ



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** वरिष्ठ गायक तथा सङ्गीतकार भक्तराज आचार्यको मंगलबार पशुपति आर्यघाटमा अन्त्येष्टि गरिएको छ। उनको पार्थिव शरीरमा छोराहरू सत्यराज र स्वरूपराज आचार्यले दागबत्ती दिए ।

त्यसअघि नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानमा राखिएको गायक आचार्यको पार्थिव शरीरमा श्रद्धाञ्जलि अर्पण गर्दै सङ्गीतकर्मीले उकै गीत र भजनमार्फत बिदाइ गरेका थिए । संगीतकार संघ नेपालको आयोजनामा भएको श्रद्धाञ्जलि कार्यक्रममा 'जहाँ छन् बुद्धका आँखा', 'हजार सपनाहरूको माया लागेर आउँछ', 'हरे राम हरे कृष्ण' गीतलाई उपस्थित सङ्गीतकर्मीसँगै स्वर्गीय आचार्यका दुवै छोराले पनि गाएका थिए ।

नेपाली कांग्रेसका महामन्त्रीद्वय गगनकुमार थापा र विश्वप्रकाश शर्माले दिवंगत आचार्यप्रति श्रद्धाञ्जलि अर्पण गरेका थिए । महामन्त्री थापाले गायक आचार्यको प्रस्थानसँगै साङ्गीतिक संसारमा एक युगको समापन भएको बताए ।

अर्का महामन्त्री शर्माले एउटा गायकले विगत ३० वर्षदेखि गीत गाउन नसक्नुको पीडा अन्यले महसुस गर्न नसक्ने बताए । 'एउटा गायकको सपना अन्तिम साससम्म गाउँ भन्ने नै हुन्छ तर उहाँले सामना गर्नुपरेको परिस्थिति हामी सोच्न पनि सक्दैनौं । उहाँको गीत हजार सपनाको माया लागेर आउँछमा ती सबै भाव भनिएकोजस्तो लाग्छ', महामन्त्री शर्माले भने ।

सङ्गीतकार तथा गायक टीका भण्डारीले नेपाली गीतसङ्गीतमा अपुरणीय क्षति भएको बताए । संगीतकार संघ नेपालका अध्यक्ष चेतन सापकोटाले आफूलाई गीतसंगीतमा भविष्य देखाउने र काठमाडौंसम्म आउन प्रेरणा दिने आवाज गायक आचार्यको रहेको बताए ।

गायक हेमन्त शर्माले गायक आचार्यलाई युग गायकको रूपमा सम्झिए । संगीतकार वसन्त सापकोटाले भक्तराजको अवसानबाट एउटा इतिहासको समापन भएको बताए ।

गायिका मिलन नेवाले उनको गीतले आफूलाई प्रेरणा प्राप्त भएको बताए । विसं १९९९ मा धनकुटाको कुरुलेतेनुपामा जन्मिएका आचार्यको नेपाली सुगम सङगीतमा महत्वपूर्ण योगदान छ । आचार्यले 'मुटु जलिरहेछ...', 'जति चोट दिन्छौं...', 'जहाँ छन् बुद्धका आँखा...', 'हजार सपनाहरूको...', 'माया मेरी साँझ बिहान...', 'हजार आँखा हेर्ने...'लगायत करिब चार सय गीतमा आवाज तथा सङ्गीत दिएका छन् ।

भजन शिरोमणि उपाधि पाएका आचार्यको सोमबार ८२ वर्षको उमेरमा उपचारका क्रममा ललितपुरको मेडिसिटी अस्पताल लैजाने क्रममा निधन भएको थियो ।

## रंगशाला

**त्रिकोणात्मक टी-२० सिरिज**

# नेपाल नामिबियासँग पराजित




■ **प्रभाव संवाददाता**

**काठमाडौं–** त्रिकोणात्मक अन्तर्राष्ट्रिय ट्वान्टी-२० शृंखलाको पहिलो खेलमा नेपाल नामिबियासँग २० रनले पराजित भएको छ ।

जितका लागि नामिबियाले प्रस्तुत गरेको दुई सय सात रनको लक्ष्य पच्छ्याउनेक्रममा नेपाल १८ दशमलव पाँच ओभरमा सबवै विकेट गुमाउदै एक सय ८६ रनमा समेटियो । सुरुआती ब्याटिङ कमजोर रहेको नेपालले मध्यक्रममा भने केही सम्हालिएर ब्याटिङ गरे पनि जित निकाल्न भने सकेन । नेपालका लागि दीपेन्द्रसिंह ऐरीले ३२ बलमा दुई चौका र दुई छक्कासहित सर्वाधिक ४८ रन बनाए । त्यसैगरी कप्तान रोहितकुमार पौडेलले ४२ रन बनाए । उनले तीन चौका र तीन छक्का प्रहार गरे ।

तेस्रो विकेटका लागि कप्तान पौडेल र कुशल मल्लले २८ बलमा ५७ रनको उत्कृष्ट साझेदारी गरेका थिए । मल्लले ३२ रन बनाए । त्यस्तै गुलशन झाले १२ रन बनाए भने आसिफ शेख र विवेक यादवले समानले छ/छ रन जोडे । सन्दीप जोराले पाँच रन बनाए ।

नामिबियाका रुबेन ट्रम्पलम्यानले चार विकेट लिए भने बर्नार्ड स्कोलज, निकोल लोपफटी इटन र जान फ्रिलिङकले समान दुई/दुई विकेट लिए ।

त्यसअघि कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा अहिले भइरहेको खेलमा टस जितेर पहिले ब्याटिङ राजेको नामिबियाले निर्धारित २० ओभरमा चार विकेट गुमाउदै दुई सय ६ रनको योगफल बनाएको थियो । नामिबियाका लागि जान निकोल लेफिट इटनले उत्कृष्ट ब्याटिङ गर्दै शतक प्रहार गरे । उनले ३६ बलमा ११ चौका र आठ छक्काको मद्धतमा सर्वाधिक एक सय एक रनको योगदान दिए ।

इटनले नेपालका कुशल मल्लको नाममा रहेको कीर्तिमानी पनि तोडेका छन् । उनले ३३ बलमै शतक पूरा गरे । यसअघि मल्लले सन् २०२३ मा भएको १९औं एसियाली खेलकुद प्रतियोगितामा मङ्गोलियाविरुद्धको खेलमा ३४ बलमा शतक प्रहार गर्दै कीर्तिमानी कायम गरेका थिए ।

त्यसैगरी मलना क्रुगरले ४८ बलमा छ चौका र दुई छक्काको मद्धतमा अविजित ५९ रन बनाए । त्यस्तै माइकल भान लिङ्गेनले २० रन बनाउदा जेपी कोट्जेले ११ रन तथा कप्तान जेजे स्मितले अविजित एक रन जोडे ।

बलिङतर्फ नेपालका कप्तान रोहित पौडेलले दुई विकेट लिए भने करण केसी र अभिनास बोहोराले समान एक/एक विकेट लिए । जारी प्रतियोगितामा बुधबार नेपाल र नेदरल्यान्डबीच विहान ११:३० बजे प्रतिस्पर्धा हुनेछ ।

**पुष्पलाल स्मृति राष्ट्रिय ब्याडमिन्टन**

# प्रफुल र नङ्शलको लगातार दोस्रो जित

■ **प्रभाव संवाददाता**







**काठमाडौं–** ललितपुरका प्रफुल महर्जन र भोजपुरकी नङ्शल तामाङले १३औँ पुष्पलाल स्मृति राष्ट्रिय ऱ्याङ्किङ ब्याडमिन्टन प्रतियोगितामा शीर्ष आठको एकलतर्फ मंगलबार अर्को जित हात पारेका छन् । प्रफुलले पुरुष एकलतर्फको खेलमा एपीएफ क्लबका देवराज रानालाई २१-१३, १३-२१, २१-१३ अंकले र नङ्शलले महिला एकलमा एपीएफ क्लबकी शोभा गौचनलाई २१-१६, २०-२२, २१-११ अंकले पराजित गरे । जारी प्रतियोगितामा यी दुवै खेलाडीको यो दोस्रो जित हो ।

लिगको पुरुष एकलतर्फ एपीएफ क्लबका प्रिन्स दाहालले एपीएफकै विजित थापामगरलाई २१-११, २१-११, नेपाल पुलिसका क्लबका सुनिल जोशीले पुलिसकै जीवन आचार्यलाई २१-१३, २१-१७ र पुलिसका बिष्णु कटुवालले पुलिसका दीपक बोहरालाई २१-१९, २१-१६ अंकले हराए ।

महिलातर्फ ललितपुरकी रसिला महर्जनले सर्लाहीकी निकिता लामालाई २१-६, २१-३, आर्मीकी अनुमाया राईले मोरङकी सीमा राजवंशीलाई २१-१८, २१-१६ र पुलिसकी निता लम्सालले आर्मी क्लबकी अमिता गिरीलाई २१-१४, २१-१७ अंकले पराजित गरे ।

एमाले निकट नेपाल खेलकुद महासंघअन्तर्गतको राष्ट्रिय ब्याडमिन्टन संघको आयोजना तथा चन्द्रगिरीस्थित महांकाल ब्याडमिन्टन क्लबको सहयोगमा प्रतियोगिता भएको हो । प्रतियोगितामा शीर्ष आठदेखि बाहेकको पुरुष एकलतर्फ एपीएफका क्षितीज खनालले हुम्लाका दशरथ बुढालाई २१-८, २१-१०, आर्मीका सुविन श्रेष्ठले देबीनगर ब्याडमिन्टन क्लबका हेमन्त ऐरलाई २१-१९, २१-१० अंकले पराजित गरे । सोही स्पर्धाको अन्य खेलमा आर्मीकै लक्ष्मण रानाले पुलिसका हिरा राईलाई १७-२१, २१-९, २३-२१ र पुलिसका पुर्णबहादुर थापाले देबीनगर ब्याडमिन्टन क्लबका अमन भट्टलाई २१-१२, २१-१४ अंकले पराजित गरे ।

यसैगरी आर्मीका पविन लिनथेपले सुर्खेतका अनिल मल्ललाई २१-१७, २१-१३, आर्मीकै अभय महराले पर्साका सत्यम बिपिन मिश्रलाई २१-८, २१-११, आर्मीकै सन्तोष पनेरुले एपीएफका अमन महर्जनलाई २२-२०, २१-१८ र पाँचथरका दिवश संकरले पुलिसका अविक श्रेष्ठलाई २१-१३, २२-२० अंकले पराजित गरे ।

युनिग्लोब कलेजका सक्षम ढकालले पर्फेक्ट फिटनेश क्लबका दिनेश केसीलाई २१-६, २१-८, एपीएफका सुजन थापाले आर्मीका डेभिड थापा मगरलाई २१-१७, २१-१८, आर्मीका नरेन्द्र बलमे पर्साका कृष्णराज अडियालाई २१-१०, २१-५, एपीएफका रोशन साउदले आर्मीका सौर्य महर्जनलाई २१-१३, २१-९ र कम्प्लिट हेल्थ क्लबका नगेन्द्र लिम्बुले देबीनगर ब्याडमिन्टन क्लबका गौरव तण्डुकारलाई २१-१३, २१-७ अंकले पाखा लगाए ।

यसैगरी एपीएफका भोजबहादुर गुरुङले आर्मीका सुप्रिम पन्तलाई २१-१५, १७-२१, २१-१४, नखिपोटका बिवेक चौधरीले आर्मीका हिमाल चन्दलाई १९-२१, २१-७, २१-१७ र एपिएफका अरुण अधिकारीले देबीनगर ब्याडमिन्टन क्लबका बबिश थापालाई १४-२१, २१-१४, २१-१९ अंकले पराजित गरे ।

यू-१७ तर्फको खेलमा आर्मीका ईमा तामाङ, कीर्तिपुर ब्याडमिन्टन क्लबका सुजल चौधरी, कैलालीका शिषिर राना, महांकाल ब्याडमिन्टन क्लबका सफल भुजेल, धादिङका अश्विन मगर, कैलालीका रियांस चौधरी, एपीएफका अरुण अधिकारी, आर्मीका सन्तोष पन्त, आर्मीका सौर्य महर्जन, एपीएफका प्रदीप सोती, रिभाइभका किरण न्यौपाने, बाँकेका राजेश बीसी, एपीएफका प्रारम्भ सिमखडा, युनिग्लोबल कलेजका सक्षम ढकाल, देबीनगर ब्याडमिन्टन क्लबका तक्षत ढकाल र आर्मीका सुविन श्रेष्ठ प्रिक्वार्टरफाइनलमा पुगे ।

पुरुष युगलतर्फको खेलमा नखिपोटका बिवेक चौधरी र आर्मीका डेभिड थापा मगरको जोडीले आर्मीका नरेन्द्र बम र हिमाल चन्दको जोडीलाई १८-२१, २१-११, २१-११, देबीनगर ब्याडमिन्टन क्लबका हेमन्त ऐर र अमन भट्टको जोडीले बालकुमारी रिमिक्स क्लबका दिपेन महर्जन र भुवन श्रेष्ठको जोडीलाई १९-२१, २१-१३, २२-२० तथा नेपाल बिद्युत प्राधिकरणका बिनोद अधिकारी र भक्तराज जोशीको जोडीले रिभाइभका किरण न्यौपाने र अनन्त पाख्रिनको जोडीलाई २१-१०, २१-१८ अंकले पराजित गरे ।

यसैगरी पुलिसका सुनिल जोशी र अभिक श्रेष्ठको जोडी महांकाल ब्याडमिन्टन क्लबका माधव ढकाल र मंडला ब्याडमिन्टन क्लबका प्रनेश ढकालबाट वाकओभर पाए । पाँचथरका दिवश संकर र भोजपुरका बिशाल तामाङको जोडी, गजुरी ब्याडमिन्टन क्लबका समिर थापामगर र अनिश रानको जोडी तथा चितवनका राजु थापा र एपीएफका सुजन थापाको जोडीले आ-आफ्ना प्रतिद्वन्द्वीबाट वाकओभर पाए ।

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – ११९५०० | प्रति तोला – ११८९५० | प्रति तोला – १४१५ |



**घोडाबाट ढुवानी** | इलामको सन्दकपुर गाउँपालिका–१ मा घोडाबाट ढुवानी गर्दै स्थानीय ८२ वर्षीय वृद्ध तीर्थराज अधिकारी । अधिकारीले घोडाको सहयोगमा लेकाली क्षेत्रमा खाद्यवस्तु ढुवानी गर्दै आएका छन् । *तस्बिरः टीका खतिवडा/रासस*

# साउनयता नौ सबस्टेसन सञ्चालनमा ल्याइयो

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** नेपाल विद्युत् प्राधिकरणले चालु आर्थिक वर्षको साउनयता विद्युत् वितरणतर्फका नौ वटा सबस्टेसन निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याएको छ । प्राधिकरणले विद्युत् ग्रीड सबस्टेसनबाट वितरण सबस्टेसनसम्म विद्युत् पुऱ्याउन र वितरण सबस्टेसनबाट उपभोक्ताकोसम्म विद्युत् पुऱ्याउन ३३ तथा ११ किलोभोल्ट (केभी) र ४०० भोल्टका प्रसारण लाइन पनि निर्माण गरी सञ्चालनमा ल्याएको छ । साथै, वितरण ट्रान्सफर्म पनि जडान गरिएको छ ।

साउनदेखि हालसम्म वितरणतर्फका ३३/११ केभी क्षमताका नौ वटा वितरण सबस्टेसन निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याइएको हो । यसबाट सबस्टेसन निर्माण क्षेत्रको विद्युत् आपूर्तिमा सुधार हुनुकासाथै चुहावट पनि घटेको प्राधिकरणले जनाएको छ । प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले उपभोक्तालाई भरपर्दो, गुणस्तरीय, पर्याप्त र सुरक्षित विद्युत् उपलब्ध गराउन देशभरी नै वितरणतर्फका प्रसारण लाइन र सबस्टेसन निर्माण अभियानकै रूपमा चलिरहेको बताए ।

'विद्युत् नपुगेका ठाउँमा विद्युतीकरण गर्न र पुगेका ठाउँको आपूर्तिलाई सुधार गर्न वितरण प्रणालीको विस्तार र सुदृढीकरण व्यापक रूपमा गरिरहेका छौँ', कार्यकारी निर्देशक घिसिङले भने, 'सङ्घीय राजधानी काठमाडौं उपत्यकासहित देशका



प्रमुख सहरहरू तथा औद्योगिक क्षेत्रमा विद्युत् आपूर्तिलाई भरपर्दो तथा गुणस्तरीय र भविष्यमा बढ्ने मागलाई सन् २०५० को समयमीमा निर्धारण गरी उच्चस्तरको भरपर्दो र विश्वसनीय विद्युतीय भार बोक्न सक्ने प्रसारण र वितरणतर्फका लाइन र सबस्टेसनहरू चरणबद्ध रूपमा निर्माण अगाडि बढाइसकेका छौँ ।' घिसिङले यसका लागि अहिले सञ्चालनमा रहेका प्रसारण तथा वितरण लाइन र सबस्टेसनको स्तरोन्नति तथा सुदृढीकरण र नयाँ प्रसारण लाइन र सबस्टेसनको निर्माण सुरु गरिएको बताए ।

प्राधिकरणले इलामको पश्चिम क्षेत्र र पाँचथरमा विद्युत् आपूर्तिका लागि ३३/११ केभीको चिसापानी सबस्टेसन, मकवानपुरको बागमती तथा बकैया गाउँपालिकामा विद्युत आपूर्तिका लागि क्षतिवन सबस्टेसन, म्याग्दीको मङ्गला, मालिका तथा धौलागिरी गाउँपालिकामा विद्युत् आपूर्तिका लागि दरबाङ सबस्टेसन र नवलपरासी (बर्दघाट-सुस्ता पूर्व) को बुलिङटार गाउँपालिका क्षेत्रमा विद्युत् आपूर्तिका लागि बोझपोखरी सबस्टेसन निर्माण गरी सञ्चालनमा ल्याइएको छ ।

नेपाल सरकार तथा प्राधिकरणको लगानी र एशियाली विकास बैंकको सहुलीयतपूर्ण वितरण प्रणाली सुदृढीकरण तथा विस्तार आयोजनामार्फत सबस्टेसन निर्माण गरिएको हो । आयोजनाअन्तर्गत देशभरी २५ वटा नयाँ सबस्टेसनको निर्माण र १२ वटा सबस्टेसनको स्तरोन्नति तथा वितरण सञ्जाल निर्माण अगाडि बढाइएको थियो । कूल २५ वटा सबस्टेसनमध्ये पाँच वटाको निर्माण अन्तिम चरणमा छ भने सबस्टेसनहरूको स्तरोन्नति सम्पन्न भइसकेको छ ।

विश्व बैंकको ग्रीड सोलार तथा ऊर्जा दक्षता परियोजनामार्फत प्राप्त सहुलितपूर्ण ऋणमा मकवानपुरको मनहरी, सिन्धुलीको दुधौली, दोलखाको नाम्दु ललितपुरको उनिचौरमा वितरणतर्फको ३३/११ केभी सबस्टेसन निर्माण गरी सञ्चालनमा ल्याइएको छ ।

त्यस्तै, विश्व बैंककै सहुलितपूर्ण ऋणमा रामछापको बाम्तीमा वितरण सबस्टेसन निर्माण गरिएको छ । उक्त सबस्टेसनहरूसम्म पुग्ने ३३ केभी प्रसारण लाइन र त्यहाँबाट विद्युत आपूर्तिका लागि लाइनहरू पनि निर्माण गरी सञ्चालनमा ल्याइएको छ ।

# प्रभु बैंकका डेपुटी सिइओ न्यौपानेसहित १० जना पक्राउ

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबी) को टोलीले प्रभु बैंकका सिनियर डेपुटी सिइओ एवं सेञ्चुरी कमर्सियल बैंकका तत्कालीन प्रमुख कार्यकारी अधिकृत (सिइओ) मनोज न्यौपाने र तुलसीराम गौतमसहित दश जनालाई पक्राउ गरेको छ । ऋण अपचलन गरेको अभियोगमा न्यौपानेसहित दश जनालाई मंगलबार पक्राउ गरिएको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबी) का प्रवक्ता तथा प्रहरी उपरीक्षक होबिन्द्र बोगटीले जानकारी दिए ।

न्यौपानेलाई सेञ्चुरी बैंकमा रहँदा प्रवाह भएको कर्जा दुरूपयोग, घोटाला र हिनामिना गरेको आरोप लागेको थियो । उजुरी परेपछि सिआइबीले छानबिन थालेको थियो ।

सिआइबी स्रोतका अनुसार गौतमसहित प्रभु बैंकका चारजना बहालवाला कर्मचारीलाई पनि पक्राउ गरिएको छ । बैंकका कर्मचारी दीलिप बराल, दीपेश प्रधान, रमण श्रेष्ठ र राजेश भण्डारीलाई पक्राउ गरिएको हो । त्यस्तै सुवासबहादुर श्रेष्ठ, अनुपमा श्रेष्ठ प्रधान, सुनिल बस्नेत र सविन घिमिरे रहेका छन् ।

बैंकिङ कसुरमा उनीहरूलाई राजधानीका विभिन्न स्थानबाट पक्राउ गरेर थप अनुसन्धान भइरहेको जनाइएको छ । उनीहरूलाई पाटन उच्च अदालतबाट ७ दिन थुनामा राखेर अनुसन्धान गर्नका लागि म्याद थप गरिएको छ । उनीहरूले कमसल धितो राखेर उनीहरूले बैंकिङ कसुर गरेको बताइएको छ । उनीहरूविरुद्ध नेपाल राष्ट्र बैंक अन्तरगतको कसुरमा अनुसन्धान भइरहेको जनाइएको छ ।

उनीहरूले देउराली सहकारीका अध्यक्ष रवीन्द्र चौलागाईको डिजाइन र मिलेमतोमा कमिशन लिएर कम धितो राखेर बढी ऋण प्रवाह गरी बैंकलाई हानी नोक्सानी पुराएको आरोप छ ।

## कर्पोरेट

### ज्योति विकास बैंकद्वारा विद्यालयलाई फर्निचर प्रदान




**सिराहा (प्रस)–** ज्योति विकास बैंकले गोलबजार वडा नं. १० धर्मपुर, सिराहास्थित आधार भूत विद्यालयलाई डेक्स बेञ्च सहयोग गरेको छ । बैंकले सामाजिक उत्तरदायित्वको निम्ति स्थापित 'हाम्रो विकास प्रवर्द्धन कोष' मार्फत २५ थान डेस्क बेञ्चहरू प्रदान गरेको छ । बैंकले विद्यालयमा अध्यनरत विद्यार्थीहरूको सिकाइ वातावरण अभिवृद्धि तथा समग्र शैक्षिक अनुभवमा सुधार ल्याउने उद्देश्यका साथ उक्त सहयोग उपलब्ध गराएको हो ।

विद्यालयमा आयोजित एक कार्यक्रममा ज्योति विकास बैंकका तर्फबाट बैंकका गोलबजार शाखाका शाखा प्रबन्धक भुवन धमलाद्वारा गोलबजार नगरपालिकाका मेयर श्याम कुमार श्रेष्ठ, गोलबजार वडा नं. १० का वडा अध्यक्ष तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष उपेन्द्र मुखियाको उपस्थितिमा विद्यालयका प्रधानाध्यापक मधुराम महतोलाई उक्त डेस्क बेञ्चहरू हस्तान्तरण गरेका हुन् । कार्यक्रममा बैंकका कर्मचारी, शिक्षा क्षेत्रका स्थानीय पदाधिकारी, पूर्व वडा अध्यक्षहरू लगायत विद्यालयका कर्मचारी तथा विद्यार्थीहरूको उपस्थिति रहेको थियो ।

हस्तान्तरण कार्यक्रममा बोल्दै गोलबजार नगरपालिकाका मेयर श्याम कुमार श्रेष्ठले शिक्षामा गुणस्तरीय पूर्वाधारको महत्वमा जोड दिँदै सकारात्मक र समृद्ध शैक्षिक वातावरण निर्माणमा बैंकको सहयोग अत्यन्त सराहनीय भएको र बैंकको सामाजिक उत्तरदायित्वको कार्य प्रति धन्यवाद ज्ञापन गर्नुभयो। साथै, विद्यालयका अध्यक्ष तथा प्रधानाध्यापकले डेस्क बेञ्चहरूको व्यवस्था भएसँगै कतिपय विद्यार्थीहरूलाई भुइँमा बसी अध्ययन गर्नुपर्ने बाध्यताको अन्त्य भएकोले सहयोगका लागि बैंकप्रति हार्दिक आभार व्यक्त गरे । आफ्नो खुद मुनाफाबाट नेपालमा हाल सञ्चालनमा रहेका अन्य बैंक तथा वित्तीय संस्थाहरूले सामाजिक उत्तरदायित्व अन्तर्गत समाजिक कार्यमा गर्ने योगदान भन्दा ५० प्रतिशत बढी रकम छुट्याई समाजप्रति उत्तरदायी बनेको यस विकास बैंकले नागरिकको सर्वोत्तम हित सदा उच्च प्राथमिकतामा राखेको छ । संस्थागत शुशासनलाई शिरोपर गरी ग्राहकवर्ग, कर्मचारी, नियामक निकाय, शेयरधनी र समग्र सरोकारवालाको हक हितमा योगदान पुर्याउन ज्योति विकास बैंक सदैव प्रतिवद्ध रहेको छ ।

ज्योति विकास बैंकले हाल १२१ शाखा कार्यालय, ३ विस्तारित काउन्टर तथा ७५ वटा एटिएम मार्फत बैंकिङ्ग सेवा उपलब्ध गराउँदै आइरहेको छ ।

### बिवाइडीका ग्राहकलाई युरोप जाने अफर




**काठमाडौं (प्रस)–** बिवाइडी अटो इन्ड्रष्ट्रिजको आधिकारिक बिक्रेता सिमेक्स इन्क. प्रा.लि.ले युईएफए यूरो २०२४ को अवसर पारी नेपाली अब युरोकपमा स्किम लिएर आएको छ। बिवाइडी युइएफए युरो २०२४ को अधिकृत इ-मोबिलिटी पार्टनर भएकोले यस स्क्रिमले बिवाइडीका फुटबल प्रेमीलाई जर्मन गएर प्रत्यक्ष खेल हेर्ने अवसर दिने जनाइएको छ । युरोकप यही जुन १४ देखि जुलाई २०२४ सम्म हुँदैछ । कम्पनीका अनुसार नवीन प्रयोग र आविष्कारकका साथ भाग्यशाली ११ विजेताले रंगशालामै गएर फुटबल हेर्ने अवसर पाउने जनाइएको छ ।

**मोबाइलको लतबाट बालबालिकालाई बचाऔं**

- मोबाइलको लत लागेका बालबालिकामा निन्द्रा ढिलो लाग्ने, गहिरो निन्द्रा नलाग्ने र पटक पटक ब्यूँझने समस्या देखिन सक्छ,
- मोबाइलको लतले बालबालिकाको मानसिक तथा शारिरीक विकासमा नै असर पुऱ्याउन सक्छ,
- मोबाइल देखाएर खाना खुवाउनाले बालबालिकालाई खानाको स्वाद थाहा नहुन सक्छ,
- यसले पाचन प्रणालीमा समस्या हुन सक्दछ,
- उनीहरूलाई कुराकानी गरेर, डुलाएर, गीत गाएर तथा उनीहरूको हाउभाउमा प्रतिक्रिया जनाउँदै खाना खुवाऔं,

**अभिभावकले अत्याधिक मोबाइल चलाउँदा बालबालिकालाई मोबाइलको लत बस्न सक्दछ, त्यसैले अभिभावकले मोबाइलको कम प्रयोग गरौं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ